अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)


पौवादुङमा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः- ७ संख्याः- २ मितिः-२०८०/०८/१९


## भाग-२

## पौवादुङमा गाउँपालिका

**<u>प्रस्तावनाः</u>** नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको हकको कार्यान्वयन गर्न यस गाउँपालिका क्षेत्रका गरीबीका रेखामुनी रहेका लक्षित वर्गका परिवारहरुले सुरक्षित आवास निर्माण गर्न खरका छाना भएका घरपरिवारलाई जस्तापाताको छानामूनी ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माणका लागि आर्थिक वर्ष २०८०।०८१ बजेट तथा कार्यक्रममा उल्लेख भएको गाउँपालिकासँग अभिवावकीय नाता घरघरमा पुऱ्याउने छौ हरियो जस्तापाता भन्ने विषयलाई कार्यान्वयन गर्न कार्यपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद– १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **खरको छाना विस्थापित गरी जस्तापाता वितरण कार्यान्वयन कार्यविधि, २०८०**" रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "अनुगमन" भन्नाले नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह उचित ढङ्गले भए, नभएको वा अपेक्षित नतिजा हासिल भए, नभएको सम्बन्धमा यस कार्यविधि बमोजिम गरिने निरन्तर वा आवधिक रुपमा गरिने निगरानी, सूचना सङ्कलन, विश्लेषण तथा सुधारात्मक कार्य सम्झनु पर्छ ।

(ग) "कार्यक्रम" भन्नाले गाउँपालिकाबाट सञ्चालन हुने कार्यक्रम सम्झनु पर्छ र सो शब्दले गाउँपालिकाको क्षेत्रभित्र गैर सरकारी संस्था एबम् सामुदायिक संस्थाबाट सञ्चालित कार्यक्रम समेतलाई जनाउँछ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "प्रतिवेदन" भन्नाले यस कार्यविधि बमोजिम तयार गरिने अनुगमन तथा सुपरिवेक्षण कार्यको नतिजा समावेश गरिएको दस्तावेज सम्झनु पर्छ ।

(च) "योजना" भन्नाले गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माण कार्य सम्झनु पर्छ र सो शब्दले गाउँपालिका क्षेत्रभित्र गैर सरकारी संस्था एबम् सामुदायिक संस्थाबाट सञ्चालित विकास निर्माण कार्य समेतलाई जनाउँछ ।

(छ) "सुपरिवेक्षण" भन्नाले अपेक्षित नतिजा हासिल गर्न यस कार्यविधि बमोजिम समिति वा सो कामको निमित्त जिम्मेवार कर्मचारी वा पदाधिकारीबाट गरिने स्थलगत निरीक्षण वा चेकजाँच वा रेखदेख सम्बन्धी कार्य सम्झनु पर्छ ।

(ज) "संयोजक" भन्नाले समितिको संयोजक सम्झनु पर्छ ।

## परिच्छेद– २

## लक्षित वर्गको पहिचान तथा छनौटका आधार

३. **लक्षित वर्गको पहिचानः** लक्षित वर्गको पहिचान देहाय बमोजिम गरिनेछः-

**(क)** लाभग्राही बसोबास गर्दै आएको घरको छाना खर वा यस्तै प्रकृतिका आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने अन्य सामाग्रीबाट छाएको,

**(ख)** गरीबीको रेखामुनी रहेका आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घर परिवार,

**(ग)** जग्गाधनी प्रमाणपूर्जा वा घरजग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा आफ्नो नाममा जग्गा नभएको तर अस्थायी बसोबास गरिरहेको प्रमाण,

**(घ)** विगत देखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण,

**(ङ)** प्रकोपका कारण घरवार विहिन भएको हकमा स्थानीय विपद व्यवस्थापन समितिको निर्णय,

**(च)** जेष्ठनागरिक, एकल महिला, क र ख वर्गका अपाङ्गता भएका व्यक्ति, विपन्न दलित परिवार,

४. **लाभग्राहीको छनौटको आधार तथा विधीः** (१) सम्बन्धित वडाको समन्वयमा पौवादुङमा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले लाभग्राही छनौट गर्ने प्रयोजनका लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको आधारमा अनुसूची- १ बमोजिम अंक प्रदान गरी प्राथमिता क्रम सहित लाभग्राहीको सूची तयार गरी पालिकास्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बढी अंक प्राप्त गर्नेलाई पालिकास्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिले क्रमै सँग लाभग्राहीको रुपमा छनौट गर्नेछ ।

(३) पालिकास्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिले पहिचान गरेका लाभग्राहीहरुको सूची प्राथमिकताको आधारमा कार्यपालिकाले निर्णय गरे पश्चात कार्यक्रम कार्यान्वयन हुनेछ ।

(४) उपदफा (३) बमोजिम लाभग्राही छनौट गर्दा सगोलमा रहेका परिवाले एउटा आवासको लागि मात्र सुविधा पाउनेछ ।सगोलबाट छुट्टिएको अवस्थामा निवेदन दिएको मितिले १ वर्ष अगाडी छुट्टिएको प्रमाण पेश गर्नु पर्नेछ ।

(५) माथि जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिकाले निर्णय गरी कार्यक्रमको १० प्रतिशत खर्च भन्दा नबढने गरी अनुसूची — १ भन्दा बाहिरका लाभग्राहीलाई समेत सुविधा उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद— ३

## कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

५. **वित्तिय प्रबन्धः** (१) गाउँपालिकाले विनियोजन गरेको खरको छानामुक्त अभियान अन्तर्गत जस्तापाता खरिद शिर्षकबाट कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(२) पालिकास्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिले सूचना जारी गरेको दश दिन भित्र सम्बन्धित वडा कार्यालय मार्फत लाभग्राहीहरुलाई निवेदन माँग गर्नेछ ।

(३) कार्यालयले छनौट भएका लाभग्राहीसँग अनुसूची — २ बमोजिमको ढाँचामा अनुदान सम्झौता गरिनेछ ।

(४) कार्यालयले विद्युतीय बोलपत्र अह्वान गरी खरिद गरिएको जस्तापाता प्राविधिक नापजाँच बमोजिम उपलब्ध गराउनेछ ।

६. **रकम असुलउपर गराइनेः** कुनै व्यक्तिले झुठा विवरण पेश गरी सुविधा लिएको पाइएमा वा जुन प्रयोजनका लागि जस्तापाता उपलब्ध गराइएका हो, सो ही प्रयोजनमा प्रयोग नगरी अन्य प्रयोजनमा प्रयोग गरिएको पाइएमा वा तोकिएको समयमा प्रयोग नगरेमा त्यस्तो व्यक्तिलाई पालिकाको कालो सूचीमा राखी जस्तापाता बराबरको रकम असुलउपर गरिनेछ ।

७. **निर्माण सम्पन्न भएको मानिनेः** सम्बन्धित वडाको प्राविधिकबाट अनुसूची — ३ बमोजिम प्रतिवेदन पेश भई अनुगमन समितिले प्रमाणित गरेपछि निर्माण सम्पन्न भएको मानिनेछ ।

## परिच्छेद— ४

## कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु

८. **गाउँ कार्यपालिकाको कार्यालयको काम कर्तव्य र अधिकारः** यो कार्यविधिको कार्यान्वय गर्ने सन्धर्भमा कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पालिकास्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिको बैठकका लागि आवश्यक व्यवस्था गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आइपरेका समस्याहरु समाधान गर्न र यस कार्यविधिमा परिमार्जन तथा संसोधन गर्नुपरेमा आवश्यक तयारी गरी स्विकृतिको लागि पेश गर्ने ।

(ग) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक निति तर्जुमा गर्ने तथा वजेट व्यवस्थाको लागि आवश्यक समन्वय गर्ने ।

(घ) कार्यक्रम अनुगमन मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने ।

९. **वडाकार्यालयको काम, कर्तव्य र अधिकारः-** वडा कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वडास्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिमा प्रतिनिधित्व गरी सम्बन्धित लाभग्राहीको पहिचान गर्न आवश्यक कार्यवाही गर्ने ।

(ख) पालिकास्तरीय सुरक्षित नागरिक आवस समन्वय समितिको निर्णय बमोजिम लाभग्राहीको निवेदन संकन गर्न १० दिने सूचना जारी गरी निवेदन संकलन गर्ने ।

(ग) प्राप्त निवेदन अनुसार लाभग्राहीको सर्वेक्षण गर्न प्राविधिक खटाउने ।

(घ) विवरण सहितको लाभग्राही सर्वेक्षण फारम अंक प्रदान गर्न गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने ।

(ङ) कार्य सम्पन्न भएको अभिलेख राख्ने ।

(च) कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने ।

**१०. प्राविधिक शाखाको काम, कर्तव्य र अधिकारः-** प्राविधिक शाखाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयन गर्ने सिलशिलामा गाउँ कार्यपालिका र वडा कार्यालयहरुबीच समन्वय गर्ने ।

(ख) पालिकास्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिको बैठकबाट भएको निर्णय बमोजिम प्राप्त निर्देशन कार्यान्वयन गर्ने गराउने र कार्यक्रम कार्यान्वय गर्ने निकायहरुलाई आवश्यक निर्देशन दिने ।

(ग) कार्यक्रमको प्रगति विवरण प्राप्त गरी तयार गर्ने र समिक्षा एवं सम्बन्धित निकायहरुबीच समन्वय गर्ने ।

(घ) सम्बन्धित वडाबाट संकलित निवेदनहरुको आधारमा अनुसूची — १ बमोजिम अंक प्रदान गरी त्यस्ता लक्षित वर्ग वा परिवारको सूची तयार गरी पालिकास्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिमा स्विकृतिको लागि पेश गर्ने ।

(ङ) कार्यक्रम कार्यान्वयनका लागि प्राविधिक सहयोग उपलब्ध गराउने ।

(च) कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने ।

## परिच्छेद — ५

## समिति सम्बन्धी

**११. पालिकास्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिः** खरको छाना विस्थापित गरी जस्तापाता वितरण गर्ने कार्यक्रम कार्यान्वयन गर्नका लागि पालिकास्तरमा देहाय बमोजिमको पालिकास्तरीय सुरक्षित नागरिक आवास समन्वय समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँ पालिका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) सामाजिक विकास समितिको संयोजक वा निजले तोकेको प्रतिनिधि | सदस्य |

(ङ) पूर्वाधार विकास समितिको संयोजक वा

निजले तोकेको प्रतिनिधि सदस्य

(च) सुशासन समितिको संयोजक वा

निजले तोकेको प्रतिनिधि सदस्य

(छ) योजना शाखा प्रमुख सदस्य

(ज) पूर्वाधार शाखा प्रमुख सदस्य

(झ) लेखा शाखा प्रमुख सदस्य

(ञ) जिन्सी शाखा प्रमुख सदस्य

(ट) विपद तथा वातावरण समिति सदस्य सचिव सदस्य सचिव

**१२. बैठक सम्बन्धी कार्यविधिः** (१) पालिकास्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिको बैठक संयोजकले तोकेको मिति र समयमा आवश्यकता बमोजिम बस्नेछ ।

(२) पालिकास्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१३. पालिकास्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिको काम, कर्तव्य र अधिकारः-** पालिकास्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उपब्लध वार्षिक वजेट र आवश्यकताको आधारमा कार्यक्रम कार्यान्वयनका लागि वडा गतरुपमा लाभग्राहीको संख्या निर्धारण गर्ने ।

(ख) लाभग्राहीलाई उपलब्ध गराइने जस्तापाता र अनुदान रकमको निर्धारण तथा पुनरावलोकन गर्ने

(ग) कार्यक्रम कार्यान्वयनका क्रममा आइपरेका बाधा अड्चन फुकाउने, आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने गराउने ।

(घ) कार्यक्रमको प्रगति समिक्षा गर्ने र कार्यान्वयन सँग सम्बन्धित निकायहरुबीच समन्वय गर्ने ।

**१४. वडास्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिः-** (१) कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन कार्यक्रम कार्यान्वयन हुने वडामा देहाय बमोजिम वडास्तरीय सुरक्षित नागरिक आवास समन्वय समिति रहनेछः-

(क) सम्बन्धित वडाको वडा अध्यक्ष संयोजक

(ख) संयोजकले तोकेको एक दलित महिला सदस्य

सहित २ जना वडा सदस्य सदस्य

(ग) सम्बन्धित वडा हेर्ने प्राविधिक प्रतिनिधि सदस्य

(घ) वडा सचिव सदस्य सचिव

(२) वडास्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिको बैठक संयजकले तोकेको मिति र समयमा आवश्यकता बमोजिम बस्नेछ ।

(३) वडास्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१५. वडास्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिको काम, कर्तव्य र अधिकारः-** वडास्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पालिकास्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(ग) कार्यक्रम कार्यान्वियनका क्रममा सम्बन्धित निकायहरुबीच समन्वय कायम गर्ने ।

(घ) कार्यक्रम कार्यान्वियन सम्बन्धमा अनुगमन गर्ने ।

(ङ) कार्यक्रम कार्यान्वियनमा देखा परेका समस्या सामाधान गर्ने ।

(च) लाभग्राहीका गुनासोहरुको व्यवस्थापन गर्ने ।

## परिच्छेद — ६

## विविध

**१६. कन्टिन्जेन्सी खर्चको व्यवस्थाः-** (१) कार्यक्रमको प्राविधिक व्यवस्थापन गर्न ४ प्रतिशतसम्म कन्टिन्जेन्सी वापत रकम छुट्याउन सकिनेछ र सो रकम गाउँ कार्यपालिकाको कार्यालयले खर्च गर्न सकिनेछ ।

**(२)** उपदफा (१) बमोजिम कन्टिन्जेन्सी खर्चको बाँडफाँड गर्दा कार्यक्रम संचालन, समितिको बैठक संचालन, लागत इष्टिमेट, मूल्याङ्कन र अनुगमन , सुपरिवेक्षण, समिक्षा लगायतका कार्यमा मात्र छुट्याउन सकिनेछ ।

**१७. निर्देशन पालना गर्नु पर्नेः** पालिकास्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सम्बन्धित सबै निकायहरुले पालना गर्नु पर्नेछ ।

**१८. गुनासो वा उजुरी गर्न सकिनेः** (१) लाभग्राही छनौट सिफारिस उपर चित नबुझेमा कुनै पनि स्थायी बासिन्दाले गाउँपालिकामा दफा (१९) बमोजिमको गुनासो व्यवस्थापन समिति समक्ष उजुरी दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी गुनासो परेमा वा उजुरी आएमा गुनासो व्यवस्थपान समितिले सो को यथार्थ छानबिन गरी समितिको राय सहितको प्रतिवेदन पालिकास्तरीय सुरक्षित नागरिक आवास समन्वय समिति समक्ष पेश गर्नु पर्नेछ ।

**१९. गुनासो व्यवस्थापन समितिः** उपदफा (१८) बमोजिम गुनासो वा उजुरी छानबिन गर्न देहाय बमोजिमको गुनासो व्यवस्थापन समिति रहनेछः-

(क) गाउँपालिका उपाध्यक्ष संयोजक

(ख) संयोजकले तोकेको एक जना महिला सहित दुई जना गाउँसभा सदस्य सदस्य

(ग) सूचना अधिकारी सदस्य सचिव

**१९. कारबाही हुनेः** अनुदान कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुठा विवरण पेश गरेमा वा त्यस्ता व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**२०. सुविधा नपाउनेः** नेपाल सरकारबाट भूकम्प पुनर्निरमाण, प्रकोप व्यवस्थापन वा जोखिम वस्ती स्थानान्तरण जस्ता कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई र यस गाउँपालिकाबाट बसाइसराइ गएका नागरिकहरुले यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराइने छैन ।

**२१. राजश्व सम्बन्धमाः-** सुरक्षित नागरिक आवास सम्बन्धी सिफारिसमा राजश्व लाग्ने छैन ।

**अनुसूची - १**

(दफा ४ को उपदफा १ सँग सम्बन्धित)

पौवादुङमा गाउँपालिका जस्तापाता वितरण कार्यबिधि

यस कार्यबिधिले पौवादुङमा गाउँपालिका भएका विपन्न नागरिकहरूलाई फुसको छाना बिस्थापन गर्न निर्माण गरिएको छ।

जस्तापाता वितरण छनौट सम्बन्धी बिधिः

जम्मा ५० अङ्कलाई आधार मानी यस पालिकामा स्थायी बसोवास भएको वडागत प्राथिमिकता क्रमको आधारमा वितरण गरिने छ।

| क.सं | विवरण | अङ्कभार | आधार | कैफियत |
|---|---|---|---|---|
| १ | आफ्नै वा परिवारको स्वामित्वमा तपसिल बमोजिमको जग्गा भएमाः<br>१. १ रोपनी भन्दा कम भएमा- १० अङ्क<br>२. ३ रोपनी सम्म भएमा- ७ अङ्क<br>३. ५ रोपनी सम्म भएका- ५ अङ्क<br>४. सो भन्दा बढी भएमा कुनै अङ्क प्रदान गरिने छैन<br>५. आफ्नो नाममा जग्गा नभएको तर अस्थायी बसोबास गरिरहेको प्रमाण भएमा समेत -३ अङ्क | १० | जग्गा धनी प्रमाण पत्र | |

| | | | | |
|---|---|---|---|---|
| २ | छानाको आधारमाः<br><br>फुस (फुस/खर) वा यस्तै प्रकृतिको छाना भएमाः १० अङ्क | १० | फोटो र स्थलगत अनुगमन | |
| ३ | निजको घर घरानामा निज संगै रहने कोहिपनी सरकारी जागिरे,बैदेशिक रोजगार स्वदेशी तथा विदेशी पेन्सनर नभएको खण्डमा १० अङ्क प्रदान गरिने भएमा कुनै अङ्क प्रदान गरिने छैन। | १० | निवेदकको किटानी निवेदन (वडा अध्यक्षले गरेको प्रमाणित कागज) | |
| ४ | जेष्ठ नागरिक, एकल महिला, दलित ,अपाङगता , भएका व्यक्ती(क र ख वर्ग मात्र) वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक भएमा (एका घरको) | १० | प्रमाणित कागजात | |
| ५ | प्राकृतिक प्रकोप (आगलागी)<br><br>जस्ता सम्भाव्य सुक्खा क्षेत्रहरुमा घर भएमा | १० | प्रमाणित कागजात | |

सरकारी जग्गा संरक्षित क्षेत्रमा बनाइएको घरको हकमा ?
नयाँ निर्माण गरिरहेको र जस्ता पाता माग गर्ने घरको हकमा?
सार्वजनिक सूचना मार्फत सबै वडा कार्यालय बाट निवेदन संकलन गरी यकिन तथ्याङ्क उपलब्ध भएमा कहिले सम्ममा फूसको छाना विस्थापित हुने जानकारी हुने थियो।
विपन्न नागरिक फूसको छाना वितरण संघिय कार्यक्रमको प्राथमिकता क्रमलाई आधार मान्न सकिने।
पौवादुङमा गाउँपालिकामा फूसको छाना भएको परिवारको संख्या ? ( संघिय कार्यक्रम अन्तर्गत)

**अनुसूची — २**

**(दफा को उपदफा सँग सम्बन्धित)**

**(सरक्षित नागरिक आवास निर्माणको लागि लाभग्रहीसँग गरिने अनुदान सम्झौता-पत्र (घर बनाउने वा छाना छाउने)**

| | |
|---|---|
| सर्वेक्षण घरधनी क्रम संख्या | |
| सम्झौता क्रमाङ्क संख्या | |

पराल तथा खरको छाना भएको घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माणका लागि ..........जिल्ला..............................गाउँपालिका .............वडा नं..........गाउँ/टोलको.............लाभग्राही श्री............................(यसपछि प्रथम पक्ष भनिने) र ................गाउँपालिका/गाउँ कार्यपालिकाको कार्यालय (यस पछि दोस्रो पक्ष भिनिने) बीच देहाय बमोजिम

शर्तहरुको अधिकनमा रही नेपाल सरकारलर् तोकेको मापदण्ड बमोजिम सरक्षित नागरिक आवास निर्माण गर्न गराउन मिति २०.........साल .......महिना..........गतेका दिन यो अनुदान सम्झौता-पत्रमा सहि छाप दस्तखत गरेका छौं ।

..............बस्ने श्री............................नाती/नातीनि/बुहारी श्री.........................छोरा/छोरी/श्रीमति वर्ष.................

**प्रथम पक्ष (लाभग्राही) ले मञ्जुर गरेका शर्तहरुः-**

१. मेरो घर पराल तथा खरको छाना रहेको ठीक साँचो हो । मैले मेरो घर पराल तथा खरको छाना रहेकोले सुरक्षित नागरिक आवास निर्माण सम्बन्धि कार्यविधि, २०७५ एवं सम्झौता-पत्रमा उल्खित शर्त अनुरुप बनाउनेछु ।

२. निर्माण सामाग्रीको खरिद गर्ने तथा डकर्मी, सिकर्मी, प्लम्बर, इलेक्ट्रिसियन र अन्य निर्माण कार्य गर्ने निर्माणकर्म तथा श्रमिक जुटाउने एवं काममा लगाउने जिम्मेवारी मेरो हुनेछ ।

३. मैले प्राप्त गर्ने सुरक्षित नागरिक आवास पुनःनिर्माण अनुदान रकम घरको छानाका लागि आवश्यक सामाग्री जस्तापाता, सहुलियत दरको काठ लगायतका सामाग्रीका लागि मात्र खर्च गर्नेछु ।

४. मैले तोकिएको बैंकमा खोलिएको खाता मार्फत अनुदान रकम रु.............(अक्षरेपी ............................मात्र) प्राप्त गर्नेछु ।

५. मैले पहिलो किस्तावापत ६०% रकम प्राप्त गर्नेछु । सो रकम जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिद गरी निर्माण कार्य अघि बढाउनको लागि खर्च गर्नेछु ।

६. मैले पहिलो किस्ताको रकमबाट जस्तापाताको रकमबाट र काठ लागयतको निर्माण सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भई प्राविधिक प्रतिवेदन प्राप्त भई आएपछ दोस्रो तथा अन्तिम किस्ता वापत ४०% रकम प्राप्त गर्नेछु ।

७. माथि उल्लेखित व्यहोरा ठीक साँचो हो । झुट्ठा ठहरेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

**दोस्रो पक्ष (................गाउँ कार्यपालिकाको कार्यालय) ले मञ्जुर गरेका शर्तहरु**

प्रथम पक्षबाट उल्लेखित शर्तहरु पुरा भएको अवस्थामा निम्न अनुसारको सुरक्षितत नागरिक आवास निर्माण अनुदान दोस्रो पक्षले बैंकमार्फत उपलब्ध गरार्नेछ ।

| |
|---|
| **प्रथम पक्ष (लाभग्राही)** |
| **(क) लाभग्राहीको व्यक्तिगत विवरण** |
| लाभग्राहीको नाम, थर (अंग्रेजीमा) -..................................... <br> लाभग्राहीको नाम, थर (नेपालीमा) -..................................... <br> **नागरिकतामा उल्लेखित ठेगाना** |

| |
|---|
| जिल्लाः-................<br><br>म.न.पा./उ.म.न.पा/न.पा./गा.पा...........................................वडा नं.....<br><br>ना.प्र.नं............................जारी जिल्ला.................जारी मिति...........<br><br>जन्म मितिः-..........................<br><br>सम्पर्क नं................................ |
| **स्थायी ठेगाना र नागरिकता उल्लेखित ठेगाना फरक भएमा**<br><br>**(बसाइसराईको विवरण उल्लेख गर्ने)**<br><br>बसाइसराइ प्रमाणपत्र नं...............................<br><br>बसाइसराइ मितिः-.................................... |
| लाभग्राहीको फोटो          [ फोटो ] |
| **सम्झौता-पत्रमा हस्ताक्षर गर्ने अधिकार/मञ्जुर प्राप्त व्यक्तिको विवरण**<br><br>(लाभग्राही उपस्थित हुन नसकेको अवस्थामा निजको प्रतिनिधि) |
| संरक्षक/अधिकार/मञ्जुर प्राप्त व्यक्तिको नाम, थरः-........................... |
| **स्थायी ठेगानाः-**<br><br>जिल्ला....................... म.न.पा./उ.म.न.पा./न.पा./गा.पा.....................<br><br>वडा .........................गाँउ/टोल............................<br><br>ना.प्र.नं........................जारी जिल्ला...........................<br><br>जारी मिति.....................जन्म मिति............................. |
| **बाजेको नाम, थरः-.......................................**<br><br>**बुवाको नाम, थरः-........................................** |

**लाभग्राहीसँगको नाताः-...................................**

**सम्पर्क फोन नं...........................................**

लाभग्राही/संरक्षक/अधकार प्राप्त व्यक्तिको औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको हस्ताक्षर..................

मिति......................

**(ख) बैंक खाता विवरण (तोकिएको बैंकमा खाता खोलेकोमा विवरण उल्लेख गर्ने)**

बैंक खाता नं......................

खातावालाको नाम, थर........................

बैंकको नामः.........................................

शाखा........................................

**(ग) घर निर्माण हुने जग्गाको विवरण**

कित्ता नं......................क्षेत्रफल..............................वर्ग मिटर

ठेगानाः जिल्ला...................गा.वि.स./न.पा.........................

**(घ) इच्छाएको व्यक्तिको नाम, थरः....................................**

**लाभग्राहीसँगको नाताः.............................**

**(ङ) साक्षको नाम, थरः......................................**

**हस्ताक्षर.........................................................**

| दोस्रो पक्ष (पौवादुङमा गाउँ कार्यपालिकाको कार्यालय) | कार्यालयको छाप |
|---|---|
| कार्यालयको नाम, ठेगानाः...........<br>अधिकार प्राप्त कर्मचारीको नामः.....<br>पदः..........................<br>हस्ताक्षर.....................<br>मिति........................ | |

**आवश्यक कागजातहरु**

१. लाभग्राहीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

२. जग्गाधनीको दर्ता प्रमाण लालपुर्जा प्रतिलिपि

३. लाभग्राहोको पासपोर्ट साइजको फोटो

**अनुसूची — ३**

**(दफा .....सँग सम्बन्धित)**

**प्राविधिक प्रतिवेदन**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

पौवादुङमा गाउँपालिकाको कार्यालय ।

**विषयः प्राविधि प्रतिवेदन पेश गरेको बारे ।**

उपरोक्त सम्बन्धमा देहायको विवरणहरु सहित प्राविधिक प्रतिवेदन पेश गरेको छु ।

लाभग्राहीको नामः

लाभग्राहीको क्रम संख्याः

लाभग्राहीको सम्झौताको क्रम संख्याः

(जुन अवस्था हो सो मा रेजा [√] गाउने)

हालको अवस्थाः [ ] सामान साईटमा उपलब्ध भएको (दोस्रो किस्ताको लागि)

[ ] कार्य सम्पन्न (कार्य सम्पन्नको हकमा)

सिफारिसः संलग्न फोटो बमोजिम कार्य भएकोले

[ ] अनुदानको दोस्रो किस्ता उपलब्ध गराउन सिफारिस गर्दछु ।

[ ] निर्माण सम्पन्न भएको व्यहोरा सिफारिस गर्दछु ।

(नोटः- प्रगतिको अवस्था देखिने गरी हालको फोटो प्रतिवेदनसँग संलग्न गर्ने)

प्रतिवेदककोः-

दस्तखतः-

नाम, थरः-

पदः- मितिः-

मिती :-

श्रीमान वडाअध्यक्ष ज्यू,
श्री पौवादुङमा गाउँपालिका ....नं वडा कार्यालय
च्याङ्ग्रे,भोजपुर ।

विषय :- जस्तापाता उपलब्ध गराईपाउँ ।

महोदय,

सेवामा यो निवेदन गर्दछु की म पौवादुङमा गाउँपालिका .... नं वडा वस्ने............................को नाती/बुहारी ,.........................को छोरा/पत्नि म ............................को घरको छाना फुस/टायल/झिंगटीको रहेको र ताँहा गाउँपालिकाले जारी गरेको सूचना अनुसार मेरो घर छनौंट गरि जस्तापाता उपलव्ध गराई दिनुहुन तपसिलका काजातहरु संलग्न गरि निवेदन पेश गरेको छु ।व्यहोरा साचो छ झुट्टा भएमा गाउँपालिकाको कार्यविधि अनुसार वा प्रचलित कानुन बमोजिम सहुला बुझाउँला ।

<u>तपसिल</u>

जग्गाधनि दर्ता प्रमाण पुर्जाको प्रतिलिपि
वडा नं :-

- 
- हालसालै खिचेको घरको छाना देखिने फोटो
- सम्वन्धित लाभग्राहिको पासपोर्ट साईजको फोटो
- मालपोत कर तिरेको रसिद
- कार्यविधिमा तोकिएको लक्षित वर्ग भएमा सो को प्रमाण
- नेपाली नागरीकताको प्रमाण-पत्र प्रतिलिपी

निवेदक
नाम थर:-

टोलको नाम :-

मोवाईल नं :-

आज्ञाले,

नविन भट्टराई

प्रमुख प्रशासकीय अधिकृत